माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७७ साल चैत्र ८ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

प्रस्तावहरु

१. ऐम्बुलेन्स खरिद तथा संचालन सम्बन्धमा ।

२. बहु उद्देश्यीय नर्सरी निर्माण सम्बन्धमा ।

३. ट्याक्टर ड्राइभरको भत्ता सम्बन्धमा ।

४. गाउँ प्रहरी भर्ना गर्नमा सहयोग गरेका प्रहरीलाई सेवा सुविधा सम्बन्धमा ।

५ .तालीम संचालन सम्बन्धमा ।

६. बहु क्षेत्रीय पोषण कार्यक्रम स्विकृत सम्बन्धमा

७. सूचना प्रकाशन संम्बन्धमा

८. सार्वजनिक सुनुवाई संम्बन्धमा

९. प्रतिवद्धता संम्बन्धमा

१०. न्यायिक समितिको उजुरी कावार्ही किनारा कार्यविधी बारे ।

११. आर्थिक सहयोग सम्बन्धमा ।

१२.गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सदस्यता शुल्क बारे ।

१३.समिति/उपसमिति गठन बारे ।

१४. विविध

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ३ मा रहेको देविस्थान स्वास्थ्य चौकीबाट एम्बुलेन्स माग भए बमोजिम देविस्थान स्वास्थ्य चौकीको नाममा एम्बुलेन्स खरिद र संचालनको लागी प्रदेश स्थित सामाजिक विकास मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ३ मा निर्माण गरिएको नर्सरीको लागी नेपाल सरकार ससर्त अनुदानबाट आएको रकमलाई नर्सरीमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक लगायतका कार्यका लागी खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा ट्याक्टर चालक लक्ष्मण घर्तिलाई नियुक्ती भन्दा अगाडी गरेको कामको एकमुष्ठ रकम रु. १५०००।- ( अक्षरुपि पन्ध्र हजार रुपिया मात्र) विविध शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ प्रहरीको तालिममा खटिएका अ.स.ई र प्रहरी हवल्दार २ जना लाई प्रति ब्यक्ति १५०००।- का दरले विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा स्थानीय सरकारको क्षमता स्वमुल्याङ्कन सम्बन्धि तालीम मिति २०७७/१२/१० गते देखि २०७७/१२/१३ गते सम्म देविस्थान स्थित बहुउद्देश्यिय हलमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश सरकारको ससर्त अनुदान तर्फका कार्यक्रम एक स्थानीय तह एक उत्पादन कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान र कोशेली घर निर्माणको सूचना आब्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम देविस्थान स्थित हलमा मिति २०७७/१२/१८ गते गर्ने र सो को लागी सरोकारवालाहरु सबैलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा गृह मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको च.नं. १७९६ मिति २०७७/११/२८ को प्राप्त पत्रानुसार गाउँपालिकामा कार्यरत एम.आई.एस अपरेटर र फिल्ड सहायकको आगामी आ.व. को लागी सेवा ईकाईको तलब मध्ये एक चौमासिक वजेट साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा न्यायिक समितिले उजुरीको कार्वाही गर्दा अपनाउनु पर्ने कार्यविधि २०७७ पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा नेपाल मगर संघ जिल्ला समिति प्यूठानलाई रु. ५०,०००।- अन्य संस्था सहायता शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । साथै राष्ट्रिय अपाङ्ग सेवा

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

संघ प्यूठानलाई रु. २०,०००।- भुक्तानी दिने निर्णय गरियो र अखिल नेपाल किसान महासंघ प्यूठानलाई १०,०००।- दिने निर्णय गरियो ।

निर्णय नं. १२ नं. प्रस्ताव नं.१२ माथि छलफल गर्दा गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सदस्यता शुल्क रु. ४०,०००।-अन्य संस्था सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत गठन हुने समिति/उपसमिति गठन सम्बन्धि कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १४(क) प्रस्ताव नं. १४ माथि छलफल गर्दा माण्डवी गाउँपालिका शिक्षा समितीले मिति

२०७७/११/२६ गते र २०७७/१२/०१ गते गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ (ख) प्रस्ताव नं. १४ माथि छलफल गर्दा प्रदेश सरकार लुम्बिनी प्रदेश मुख्य मन्त्री तथा मन्त्रि परिषदको कार्यालय मुकाम बुटवलको मिति २०७७/१२/०१ को पत्रानुसार कर्मचारी पद पुर्ति सम्बन्धमा तपशिल बमोजिमको माग आकृति फाराम भरी विवरण पेश गर्ने निर्णय गरियो ।

..................
प्रमाणित गर्ने
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत